घोडाघोडी स्थानीय राजपत्र

**घोडाघोडीनगरकार्यपालिकाको कार्यालय द्वारा प्रकाशीत**

सुखड, कैलाली७ नं. प्रदेश, नेपाल

| भाग २ | वर्ष ७ | अंक ५६ | २०८० फागुन २२ गते, मंगलबार |
|---|---|---|---|

# बृहत घोडाघोडी ताल तथा पर्यटन विकास बोर्डको कार्यविधि २०७४ लाई संशोधन गर्न बनेको कार्यविधि

**प्रस्तावना :**

घोडाघोडी नगरकार्यपालिकाको बृहत घोडाघोडी ताल तथा पर्यटन विकास बोर्डकोकार्यविधि, २०७४ लाई संशोधन गर्न बाञ्छनीय भएकाले,

नगर कार्यपालिकाले यो कार्य विधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "बृहत घोडाघोडी ताल तथा पर्यटन विकास बोर्डको ( पहिलो संशोधन) कार्यविधि २०८० " हुनेछ ।

(२) प्रारम्भ : यो कार्यविधि राजपत्रमा प्रकाश भएपश्चात प्रारम्भ हुनेछ ।

२. **कार्यविधिको दफा ३ मा संशोधन** : घोडाघोडी नगरकार्यपालिकाको बृहत घोडाघोडी ताल तथा पर्यटन विकास बोर्डकोकार्यविधि, २०७४ ( यस पछि मूल कार्यविधि भनिएको ) को दफा ३ मा रहेको "घो.न.पा.-१" सट्टा "नगरपालिकाको कार्यालय" राखिएको छ ।

३. **कार्य विधिको दफा ४ को उपदफा (१) मा संशोधन** : (१) मूल कार्यविधिको को दफा ४ को उपदफा (१) खण्ड (६) झिकि डिभिजन बन वन कार्यलय प्रमुख, पहलमानपुर प्रमुख वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी राखिएको छ ।
(२) खण्ड (७) मा रहेको (१) र (३) भन्ने अंकको सट्टा (२) र (४) भन्ने अंकको राखिएको र प्रमुख भन्ने शब्दको सट्टा बोर्ड भन्ने शब्द राखिएको ।

४. **कार्य विधिको दफा ४ को उपदफा (२) मा थप** : मूलकार्य विधिको दफा ४ को उपदफा (२) मा न्युनतम ३० वर्ष पुरा भएको थपिएको छ ।

५. **कार्य विधिको दफा ४ को उपदफा (४) मा संशोधन :** मूल कार्यविधिको दफा ४ को उपदफा (४) मा रहेको (तीन) भन्ने शब्दको सट्टा (पाच) भन्ने सब्द राखिएको छ ।

६. **कार्यविधिको दफा ७ को उपदफा संशोधन :** (१) मूल कार्यविधिको दफा ७ को उप दफा (२) मा रहेको ( उपाध्यक्ष) भन्ने शब्दको सट्टा (सदस्य सचिव) भन्ने शब्द राखिएको छ ।
(२) कार्यविधिको दफा ७ को उपदफा (४) मा रहको जेष्ठ सदस्य भन्ने शब्दहरुको सट्टा उपाध्यक्षले भन्ने शब्द राखिएको छ ।
(३) कार्यविधिको दफा ७ को उपदफा (७) मा उपाध्यक्ष भन्ने शब्दको सट्टा अध्यक्ष भन्ने शब्द राखिएको छ ।

७. **कार्यविधिको दफा ८ उपदफा थप :** मूल कार्यविधिको दफा ८ को उपदफा ४ पछि देहायको उपदफा थपिएका छन :-

घोडाघोडी स्थानीय राजपत्र

(५) बोर्डलाई आवश्यक पर्ने बजेट व्यवस्थापनका लागि स्थानिय सरकास, प्रदेश सरकार , संघीय रसकराका साथै अन्य संघ संस्थाहरु साग समन्वय गर्ने,
(६) दिगो विकासका लक्ष्य हासिल गर्ने गरि योजना तर्जुमा तथा कार्यान्वयन गर्ने,
(७) बृहत घोडाघोडी गुरुयोजनको कार्यान्वय गर्ने गराउने

८. **कार्यविधिको दफा १० को उपफा थप :** मूल कार्यविधिको दफा १० को उपफा ६ पछि देहायका एपदफा थप गरिएका छन :-
(७) बार्डबाट भए गरको कामहरुको अभिलेखिकरण गरि सो को प्रतिबेदन त्रैमासिक रुपमा बार्डमा पेश गर्ने
(९) बाषिक योजना तथा कार्यक्रम तयार पारी बैशाख १५ गते भित्र बोर्ड समक्ष पशे गर्ने

९. **कार्यविधिको दफा १५ मा संशोधन** : मूल कार्यविधिको दफा १५ को उपदफा (क), (ख) र (ग) गरिएको व्यवस्थाकया सट्टा देहायका व्यवस्था (१) र (२) गरिएको छन ।

(१) बोर्डलाई आवश्यक पर्ने कर्मचारीको व्यवस्थापन नगरपालिकाले गर्ने छ ।
(२) कर्मचारीहरुको पारिश्रमीक तथा अन्य सुविधा नगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

१०. कार्यविधिको अनुसूचि - २ मा संशोधन : मूल कार्यविधिको अनुसूचि -२ सट्टा देहायको अनुसूचिको व्यवस्था गरिएको छ ।

| क्र.स | सुविधाको नाम | इकाई | उपाध्यक्ष | सदस्य |
|---|---|---|---|---|
| १ | वैठक भत्ता(प्रति वैठक) | रु. | १००० | १००० |
| २ | यातायात(मासिक) | रु. | ७००० | १००० |
| ३ | टेलिफोन(मासिक) | रु. | ३००० | १००० |
| ४ | पत्रपत्रिका | रु. | ३००० | - |
| ५ | समन्वय तथा सहजिकरण | रु. | ८००० | १००० |
| ६ | अतिथि सत्कार | रु. | ८००० | - |
| ७ | भ्रमण भत्ता(प्रतिदिन) | रु. | १२०० | १२०० |
| ८ | चाडपर्व(वार्षिक) | रु. | २०००० | १०००० |

प्रति महिना वढिम २ वैठकको मात्र भत्ता उपलव्ध गराईने छ।

आज्ञाले
शिव सिंह भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

घोडाघोडी स्थानीय राजपत्र